# सम्झौतापत्र

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ अन्तर्गत स्थापित काठमाडौं विश्वविद्यालय, धुलिखेल र संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थापित धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेका बीच २०५९ साल चैत्र १९ गते सम्पन्न सम्झौता (अनुसूची -१ को रुपमा संलग्न) अनुसार गठित विश्वविद्यालयको शिक्षण अस्पताल सञ्चालक समिति (यसपछि सञ्चालक समिति भनिएको) र संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र, जनागाल, काभ्रे तथा ललितपुर उपमहानगरपालिका वार्ड न. १७, ग्वार्को स्थित कम्पनी ऐन २०५३ बमोजिम स्थापित बि. एण्ड बि. अस्पताल (यसपछि शिक्षण अस्पताल भनिएको) बीच काठमाडौं विश्वविद्यालय (यसपछि विश्वविद्यालय भनिएको) द्वारा संचालित **MBBS** कार्यक्रम तथा मेडिकल सम्बन्धी अन्य कार्यक्रमको शिक्षण अस्पतालको रुपमा उपर्यूक्त अस्पतालहरुलाई सञ्चालन गर्न निम्न बमोजिम सम्झौता सम्पन्न भएको छ ।

१. काठमाडौं विश्वविद्यालय र शिक्षण अस्पतालहरु एक अर्काको पुरक भई विश्वविद्यालय शिक्षण अस्पतालको रुपमा कार्य गर्दै विश्वविद्यालयको मेडिकल सम्बन्धित कार्यक्रमहरु संचालन एवं विकास गर्न ५० वर्ष अवधिको लागि परस्पर सहमति भएको छ ।

२. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र तथा बि. एण्ड बि. अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा सञ्चालन गरी अध्ययन अध्यापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ति र उपकरणहरुको व्यवस्था दुवै पक्षको आपसी सहमतीमा **KU Norms & Standard** (अनुसूची -२ को रुपमा संलग्न) बमोजिम गरिनेछ । सोको लागि लाग्ने खर्च शिक्षण अस्पताल सञ्चालक समितिको निर्णय अनुसार सम्बन्धित पक्षले अनुदानको रुपमा उपलब्ध गराउने छ ।

३. विश्वविद्यालय शिक्षण अस्पतालहरुमा कार्यरत सबै चिकित्सकहरुले विश्वविद्यालयले निर्धारण गरेको मापदण्डका अधिनमा रही समान अवसर पाउनेछन् ।

४. शिक्षण अस्पतालहरुमा कार्यरत अस्पतालका फ्याकल्टि एवं कर्मचारीहरुले आवश्यकतानुसार एक अर्काको पुरक भई सेवा आदान प्रदान गर्नु पर्नेछ । सोको सेवा शर्त शिक्षण अस्पताल सञ्चालक समितिले तोकिए बमोजिम हुने र नतोकिएको हकमा सम्बन्धित संस्थाको प्रचलित नियम बमोजिम हुनेछ ।

५. विश्वविद्यालय शिक्षण अस्पतालको विभिन्न विभागहरुको कार्यक्रमहरु संचालन गर्दा आई पर्ने समस्याहरुको निराकरण गर्न, विषय तोक्ने, हेरफेर गर्ने जस्ता कार्य गर्ने र यो सम्झौतामा नपरेका व्यवस्थाहरु संचालक समितिको "कार्यविधि सम्बन्धि निर्देशिका -२०६०" (अनुसूची ३ को रुपमा संलग्न) अनुसार गर्ने गराउने ।

६. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रका कार्यकारी निर्देशक र अध्यक्ष बिकलाङ्ग मित्र समूह एवं बि. एण्ड बि. अस्पताल प्रा.लि.का अध्यक्ष र मेनेजिङ्ग डाइरेक्टर पनि सञ्चालक समिति सदस्यका रुपमा स्वतः रहनेछन् । धुलिखेल अस्पतालको साथै यस सम्झौतामा उल्लेखित शिक्षण अस्पतालहरु समेत विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा संचालित

F. O. D.

B. & B. HOSPITAL (PVT.) Ltd.
Satdobato
Gwarkho
Estd. 2054
LALITPUR

हुने भएकोले सोही अनुरुप संचालक समितिको कार्यबिधि निर्देशिकामा आवश्यक संशोधन गरिनेछ ।

७. सञ्चालक समितिको सचिवालय धुलिखेल अस्पतालमा रहनेछ र शिक्षण अस्पतालहरुसंग सम्बन्धित सम्पूर्ण प्रशासनिक एवं आर्थिक कारोबारका कार्यहरु यसै सचिवालय मार्फत गरिनेछ ।

८. शिक्षण अस्पतालको रुपमा विकसीत गरिदा बि.एण्ड बि. अस्पतालमा हाल उपलब्ध र पछि विस्तार हुने सम्पूर्ण सैया शिक्षण अस्पतालको प्रयोजनको लागि प्रयोग गरिने एवं सो सैयाको कम्तिमा ३० प्रतिशत सैयालाई विपन्न वर्गको पहुच हुनेगरी सामान्य शूल्क सैया कायम गरीनेछ । सोको लागि आवश्यक फरक लागत यकिन गरी शिक्षण अस्पताल सञ्चालक समितिको निर्णयअनुसार सम्बन्धित पक्षले अनुदानका रुपमा बि.एण्ड बि. अस्पताललाई उपलब्ध गराउनेछ ।

(स्पस्टिकरण: सो ३० प्रतिशत सैयामा भर्ना हुने विरामीहरले तिर्नुपर्ने अन्य सेवा शूल्कहरु धुलिखेल अस्पतालको आकश्मिक सेवाका शूल्कहरु (अनुसूची -४ को रुपमा संलग्न) भन्दा बढी नहुने गरी शिक्षण अस्पताल संचालक समितिले तोके बमोजिम हेनछ ।)

९. शिक्षण अस्पतालको रुपमा सञ्चालन गर्दा विद्यार्थी, कर्मचारी र विरामी सबैको सुविधालाई ध्यानमा राखी **Faculty**, विद्यार्थी, अस्पतालका अन्य कर्मचारीहरुले पालन गर्नु पर्ने आचार सहिता **(code of conduct)** संयुक्त रुपमा बनाई लागु गरिनेछ । उक्त आचार सहिंताको अनुमोदन र संशोधन संचालक समितिले गर्नेछ ।

१०. यस सम्भौतामा उल्लेख नभएका कुराहरु संबन्धित संस्थाहरुका प्रचलित प्रावधानहरु एवं कार्यकारीणी बोर्ड वा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

११. यो सम्भौता अनुसार धुलिखेल अस्पताल, अपाङ्ग बाल अस्पताल एवं पूनर्स्थापना केन्द्र तथा बि.एण्ड बि. अस्पताल शिक्षण अस्पतालको रुपमा संचालन गर्दा यि संस्था बीच कुनै मतभेद वा विवाद उत्पन्न भएमा सोको निराकरण आपसी सहमतिबाट गरिनेछ । सबै पक्षहरुको आपसी सहमतिबाट समस्याको निराकरण हुन नसकेको अवस्थामा शिक्षण अस्पतालको कार्यक्रम नरोकिने गरी यस सम्भौताका अन्य शर्तहरु यथावत कायम रहनेछ र मुलुकको प्रचलित मध्यस्थता ऐन बमोजिम विवादको समाधान खोजिनेछ ।

१२. यो सम्भौता रद्द गर्नु परेमा सम्बन्धित पक्षले मनासिव माफिकको कारण सहित ५ वर्ष अगाडि लिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ र अर्को पक्षले सो सूचना लिखित प्रतिउत्तर पठाउनु पर्नेछ । तर यसरी सम्भौता रद्द गर्दा पनि शिक्षण कार्यक्रमहरुलाई नकारात्मक असर नपर्ने गरी गर्नुपर्नेछ ।

१३. तिनवटै शिक्षण अस्पतालहरुको प्रवेशद्वारमा काठमाडौं विश्वविद्यालय, शिक्षण अस्पतालको पहिचान हुने साईन बोर्ड राखिनेछ ।

१४. यो सम्भौतालाई प्रत्येक ५/५ वर्षमा पुनरावलोकन गरी आवस्यक परेमा सबै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । संशोधित अंश यसै सम्भौताको अभिन्न अङ्ग मानिनेछ ।

DHULIKHEL HOSPITAL NEPAL

F.O.O. FRIENDS OF THE DISABLED

B. & B. HOSPITAL (Pvt.) Ltd. Satdobato Gwarkho Estd. 2054 LALITPUR

१५. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र एवं बि.एण्ड बि. अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा संचालन गर्न आवश्यकता अनुसार दुवै पक्ष (विश्वविद्यालय र अस्पतालहरु)को निर्णय एवं बिधानहरु परिमार्जन गरिनेछ ।

यो सम्झौता काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल संचालक समिति, अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापण केन्द्र, बिकलाङ्ग मित्र समूह तथा बि.एण्ड बि. अस्पताल प्रा.लि.को निर्णय बमोजिम सञ्चालक समितिका सदस्य सचिव (धुलिखेल अस्पतालका निर्देशक) तथा बिकलाङ्ग मित्र समूह तथा बि.एण्ड बि. अस्पताल प्रा.लि.का अध्यक्षले सहिछाप गरेको मिति देखि लागु हुनेछ ।

-----------------------------

डा. रामकण्ठ माकजू श्रेष्ठ
(निर्देशक धुलिखेल अस्पताल)
सदस्य सचिव
काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल
संचालक समिति, धुलिखेल, काभ्रे ।

साक्षी

१. सीताराम अधिकारी

२. ...............................

Ashok K. Banskota
-----------------------------

डा. अशोक कुमार बाँस्कोटा
अध्यक्ष
अपाङ्ग बाल अस्पताल तथा
पुनर्स्थापन केन्द्र / बिकलाङ्ग मित्र
समूह एवं
बि.एण्ड बि. अस्पताल प्रा.लि.
ग्वार्को, ललितपुर ।

साक्षी

१. ...............................

२. ...............................

B. & B. HOSPITAL (Pvt.) Ltd.
Saldobato
Gwarkho
Estd. 2054
LALITPUR

HOSPITAL AND REHABILITATION CENTRE FOR DISABLED CHILDREN
Ugratara VDC,
Janagal, Adhikari Gaon
Kavrepalanchowk
Phone: 011-61866
011-61889
Post Box 6757
ESTD 1993

DHULIKHEL HOSPITAL

F.O.D.
FRIENDS OF THE DISABLED

ईति सम्बत २०६० साल आश्विन ५ गते ।